नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
नःटोल, पुल्चोक, ललितपुर
पो.ब.नं.: ८२५
फोनः ५५२५३४८, ५५२५८९८
फ्याक्सः ९७७-१-५५२५४६४

व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६३

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर, नेपाल

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम "व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति (गठन) आदेश, २०६३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा:-

क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको व्यापार तथा निकासी प्रबर्द्धन विकास समिति सम्झनु पर्छ ।

ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य-सचिव समेतलाई जनाउँछ ।

घ) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ बमोजिम नियुक्त भएको समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. समितिको गठनः (१) देशको व्यापार विकास र विस्तार गरी मुलुकको अर्थतन्त्र अभिवृद्धि गर्न सहयोग पुऱ्याउने काम समेतको लागि व्यापार तथा निकासी प्रवर्द्धन विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :

क) सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -अध्यक्ष

ख) महानिर्देशक, वाणिज्य विभाग -सदस्य

ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

घ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ -सदस्य

ङ) वाणिज्यशास्त्र, अर्थशास्त्र, व्यवस्थापन र कानून विषयमा कम्तिमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा पाँच वर्षको अनुभव प्राप्त व्यक्तिहरु मध्येबाट दफा ८ बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले मनोनित गरेका दुईजना -सदस्य

च) कार्यकारी निर्देशक -सदस्य-सचिव

(३) उपदफा (२) बमोजिम मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) देशको व्यापार विकास र विस्तार गर्ने सम्बन्धमा आवश्यक नीति तर्जुमा गर्न नेपाल सरकारलाई सुझाव दिने,

ख) देशको व्यापार विकास र विस्तार गरी मुलुकको अर्थतन्त्र अभिवृद्धि गर्न सहयोग गर्ने,

ग) आन्तरिक व्यापार प्रवर्द्धन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तर मा व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने,

घ) ग्रामीण क्षेत्रमा उत्पादित कृषि तथा गैरकृषिजन्य वस्तुको आन्तरिक वा वाह्य बजार विस्तार गरी ग्रामीण अर्थतन्त्रको विकासद्वारा गरिवी निवारणमा सघाउ पुऱ्याउने,

ङ) निकासीयोग्य वस्तुको उत्पादनमा वृद्धि ल्याउन सम्बन्धित निकाय वीच समन्वय गरी कार्यक्रम सञ्चाल गर्ने,

च) निकासीजन्य वस्तुको लागि बजार पहिचान गरी व्यापार विविधीकरण गर्न सहयोग गर्ने,

छ) निकासी प्रवर्द्धन तथा व्यापार विविधीकरणका लागि संस्था स्थापना गर्ने तथा संस्थापित संस्थालाई आवश्यक सहयोग गर्ने,

ज) निकासीयोग्य वस्तुको गुणस्तरको लागि विदेशी राष्ट्र तथा अन्तर्राष्ट्रिय संघ संस्थासंग निकासी पैठारी तथा व्यापार व्यवस्थापन सम्बन्धमा प्राविधिक सहयोग आदान प्रदान गर्ने,

झ) निकासी उन्मुख तथा पैठारी प्रतिस्थापन परियोजनामा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट लगानी गर्न उपयुक्त कार्यक्रम सञ्चालन गर्ने,

ञ) व्यापारसँग सम्बन्धित आवश्यक सूचना, तथ्यांक, जानकारी तथा ज्ञानमूलक विषयको संकलन, प्रकाशन तथा बिक्री वितरण गर्ने तथा सो सम्बन्धी सूचनागृहको रुपमा काम गर्ने,

ट) वैदेशिक व्यापारमा देखापरेका समस्याको पहिचान गरी सोको समाधानको लागि नेपाल सरकारलाई सुझाव दिने,

ठ) उत्पादित वस्तुको बजार प्रवर्द्धन तथा बजार परीक्षण गर्न सहयोग पुऱ्याउने,

ड) स्वदेशी तथा विदेशी क्रेता तथा विक्रेताको व्यापारिक भेला गर्ने तथा निजहरुलाई संलग्न गराई विभिन्न किसिमका गोष्ठी, कार्यशाला तथा तालीम सञ्चालन गर्ने,

ढ) उत्पादित वस्तु वा सेवाको गुणस्तर नियन्त्रण, बीमा, ढुवानी आदिको सरलीकरण तथा निकासी कारोबारसँग सम्बन्धित अन्य सेवाहरुको प्रवर्द्धन तथा सम्बर्द्धन गराउन सहयोग गर्ने,

ण) समितिको वार्षिक बजेट तथा कार्यक्रम बनाई स्वीकृती गर्ने,

त) समितिको उद्देश्य पूर्ति गर्न आवश्यक अन्य काम गर्ने,

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ,

(२) सदस्य-सचिवले बैठक बस्ने कुराको सूचना र बैठकमा छलफल हुने विषय बैठक वस्नु भन्दा कम्तिमा अठ्चालीस घण्टा अगावै सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ,

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुले आफुहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिले आवश्यक ठानेमा व्यापार तथा निकासीको क्षेत्रसंग सम्बन्धित व्यक्ति वा संस्थाका पदाधिकारीलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

६. उपसमिति गठन गर्न सक्नेः (१) समितिले अफ्नो कार्य सञ्चालनको लागि आवश्यतानुसार उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य र अधिकार, त्यस्तो उपसमितिका सदस्यहरुले पाउने सुविधा तथा उपसमितिको वैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

७. कार्यकारी निर्देशकः (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागि वाणिज्यशास्त्र, अर्थशास्त्र वा व्यवस्थापन विषयमा कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त व्यक्तिहरुमध्ये दफा ८ बमोजिमको समितिबाट सिफारिश भएको व्यक्तिलाई नेपाल सरकारले कार्यकारी निर्देशक पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ ।

(३) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सेवाको अन्य शर्त तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

८. सिफारिश समितिः (१) समितिका सदस्यलाई मनोनित गर्न तथा कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः

(क)	सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	संयोजक
(ख)	सचिव, अर्थ मन्त्रालय	सदस्य
(ग)	अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ	सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिको वैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिमको हुनेछ ।

९. पदबाट हटाउन सक्ने: (१) दफा ७ को उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले इमान्दारीपूर्वक काम नगरेको वा पदीय जिम्मेवारी पूरा नगरेको वा निजमा खराब आचरण भएको सम्बन्धमा दफा ८ बमोजिमको समितिले सिफारिस गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकलाई हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिइनेछ ।

१०. समितिको कोष: (१) समितिको आफ्नो एउटा छुट्टै कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नेपाल सरकारले कोषमा जम्मा हुने गरी तोकिदिएको कुनै खास रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ वा संस्थाबाट प्राप्त सहयोग, अनुदान वा ऋणको रकम,
तर त्यसरी प्राप्त गर्नु अघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(घ) अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

११. समितिको लेखा र लेखापरिक्षण: (१) समितिको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परिक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आयव्ययको लेखा तत्सम्बन्धी कागजात र समितिको सम्पूर्ण नगदी तथा जिन्सी जुनसुकै बखत जाँच गर्न वा गराउन सक्नेछ ।

१२. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको नियुक्ति, सेवाका शर्त, पारिश्रमिक तथा सुविधा तोकिए बमोजिम हुनेछन् ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो आदेश प्रारम्भ हुँदाका बखत नेपाल सरकारले यस्तै प्रकृतिका कुनै समिति विघटन वा खारेज गरी सो समितिको कुनै तह तथा श्रेणीमा कार्यरत कर्मचारीलाई समितिको कर्मचारीको रुपमा रहने गरी निर्णय गरेमा त्यस्ता कर्मचारी समितिको समान तह तथा श्रेणीको पदमा स्वत: नियुक्त भएको मानिने छ ।

१३. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने: (१) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफुले गरेको कामको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा समितिले वर्षभरी गरेका कामको अतिरिक्त देहायका कुराहरु समावेश गर्नु पर्नेछः

(क) निकासीजन्य भनी पहिचान गरिएका वस्तु र त्यसको संभावित बजार,

(ख) नेपालको वैदेशिक व्यापारमा देखापरेका समस्या र तिनको समाधानका उपाय,

(ग) निकासी अभिवृद्धि तथा व्यापार विविधीकरणको लागि गरिएका कार्य,

(घ) समितिले वर्षभरी सञ्चालन गरेको कार्यक्रम, कार्यक्रम संचालन गर्दा हुन गएको लागत तथा कार्यक्रमबाट भएको उपलब्धी र भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरु ।

(३) समितिले उपदफा (१) बमोजिम पेश गरेको प्रतिवेदन नेपाल सरकारले आवश्यकता अनुसार सार्वजनिक गर्न सक्नेछ ।

१४. अधिकार प्रत्यायोजनः समितिले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार सदस्य, कार्यकारी निर्देशक वा दफा ६ बमोमिजको उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१५. बैठक भत्ताः सदस्यले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिम बैठक भत्ता पाउनेछ ।

१६. नेपाल सरकारसंग सम्पर्कः समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१७. समितिको कार्यालय र नामः (१) समितिको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।

(२) समितिको कार्यालय "व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र"को नामबाट प्रचलित हुनेछ ।

१८. नियम बनाउने अधिकारः यस आदेशको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

सूचना २

नेपाल सरकारले विकास समिति ऐन, २०१३ को दफा ८ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको विकास समितिलाई विघटन गरेको छः

१. खण्ड ४२, संख्या ३४ मिति २०४९/८/२२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना अनुसार गठन भएको गलैंचा तथा ऊन विकास समिति ।

२. खण्ड २०, संख्या ३४ मिति २०२७/८/२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन उद्योग तथा वाणिज्य मन्त्रालयको सूचना अनुसार गठन भएको नेपाल व्यापार प्रवर्द्धन समिति ।

आज्ञाले,
भरतबहादुर थापा
नेपाल सरकारको सचिव

volume 56,Number-26, Nepal Gazette, Part 3, Dated 2063/07/13 [October 30, 2006]

Notice-1

of

Government of Nepal

Ministry of Industry, Commerce and Supplies

Trade and Export Promotion Development Board (Formation) Order, 2063 [2006 A.D.]

In exercise of powers conferred by Section 3 of the Develoment Board Act, 2013 [1956 A.D], the Government of Nepal has issued the following orders.

1. Short Title and Commencement :

These Orders may be called "Trade and Export Promotion Development Board (Formation)Order, 2063 [2006 A.D.]".

2. These orders shall come into force at once.

2. Definition :

Unless the subject or context otherwise requires, in these orders -

a. "Board" means the Trade and Export Promotion Development Board constitued pursuant to Section 3.

b. "Chairperson" means the chairperson of the Board.

c. "Member" means a member of the Board and the term shall include the Chairperson and the Member-Secretary.

d. "Member-Secretary" means the Member -secretary of the Board.

e. "Executive Director" means the Executive Director of the Board appointed pursuant to Section 7.

f. "Prescribed" or "As Prescribed" means prescribed or as prescribed in the rules framed under these orders.

3. Constitution of Board :

1. A board named 'Trade and Export Promotion Development Board' is hereby contituted, in order to develop and expand trades of the country and thereby provide, among others support for promoting economy of the country.

2. The Board as referred to in Sub-section (1), shall consist of the following members:-

a. Secretary, Ministry of Industry, Commerce and supplies - Chairperson

b. Director General, Department of Commerce - Member

c. Representative, Ministry of Finance - Member

d. Representative, Federation of Nepal Chamber of Commerce and Industries. - Member

e. Two persons, nominated by the Government of Nepal on the recommendation of Board as referred to in Section 8 from amongst persons who have obtained at least Bachelor's Degree in commerce, economics, management or law and who have at least five years of experience in concerned field. - Member

f. Executive Director - Member-Secretary

3. The term of office of the members nominated under Sub-section (2) shall be for a period of two years.

4. Function, Duties and Powers of the Board :

The functions, duties and powers of the Board shall be as follows :-

a. To provide the Government of Nepal with advice to formulate necessary policies for developing and expanding trades of the country;

b. To assist in promoting national economy by developing and expanding trades;

c. To organize trade fairs and exhibitions at national and international level for promoting domestic trade;

d. To expand national and international markets for agro

and non-agro products produced in rural areas and thereby assist in poverty alleviation through the development of rural economy.

e. To organize programmes by co-ordinating the bodies concerned with a view to increasing production of exportable goods;

f. To identify markets for exportable goods and thereby provide support for trade diversification;

g. To establish institutions for export promotion and trade diversification and to provide necessary support to the established institutions;

h. To exchange technical co-operation on import, export and trade management amongst foreign countries and international organizations/institutions for the quality of exportable goods;

i. To operate appropriate programmes for making investment on export-oriented and import substitution projects from national and international level;

j. To make collection, publication and sale/distribution on trade related necessary notification, data, information and knowledge based matters and perform tasks relating thereto as an information-house;

k. To identify the problems arisen in foreign trade and

provide the Government of Nepal with advice for the solution thereof;

l. To provide support for market promotion and experimentation of produced goods;

m. To organize trade meetings of national and international buyers and sellers and conduct various types of seminar, workshop and training having them involved.

n. To simplify quality control, insurance, transportation, among others, of produced goods and services, and provide support for promotion and enhancement of other services related to export business;

o. To make and approve annual budget and programmes of the Board;

p. To perform other necessary functions to fulfill objectives of the Board.

5. Meeting and Decision of the Board :

1. The meeting of the Board shall be held on such date, time and venue as set by the Chairperson.

2. The Member-Secretary shall, at least forty-eight hours prior to holding a meeting, have to provide members with a notice about information and agenda of

discussion of meeting.

3. It shall be deemed to have a quorum for a meeting if more than fifty percent of the total members of the Board are present.
4. The meeting of the Board shall be chaired by the Chairperson and in his/her absence the member chosen from amongst the members themselves present in the meeting shall chair the meeting.
5. A majority opinion shall be valid in the meeting and in case of a tie the person chairing the meeting shall exercise the casting vote.
6. The Board may, if it deems necessary , invite a person or an official of institution concerned with trade and export to take part as an observer in the meeting of Board.
7. A decision of the Board shall be certified by the Member-Secretary.
8. Others proceedings relating to meeting of the Board shall be as determined by the Board itself.

6. Sub-committee May be Formed :

1. The Board may, as per necessity, constitute a sub-committee for the operation of its business.
2. The functions, duties and powers of

sub-committee contituted pursuant to Sub-section (1), the facilities to be received by the members of such a sub-committee and the proceedings relating to the meetings of Sub-committee shall be as specified by the Board.

7. Executive Director :

1. The Government of Nepal shall, for the performance of daily functions as an administrative chief of the Board, appoint to the position of Executive Director a person, recommended by the Committee as referred to in Section 8, from amongst those who have obtained at least Master's Degree in Commerce, Economics or Management and have at least ten years of experience in concerned field.
2. The term of office of Executive Director appointed under Sub-section(1) shall be for a period of four years.
3. Other functions, duties and powers, remuneration, other conditions and facilities of service the Executive Director shall be as prescribed.

8. Recommendation Committee :

1. In order to nominte members of the Board and to

recommend for the appointment to the position of Executive Director, there shall be a Recommendation Committee as referred to below :-

(a) Secretary, Ministry of Industry, Commerce amd Supplies - Co-ordinator

(b) Secretary, Ministry of Finance - Member

(c) Chairperson, Federation of Nepal Chamber of Commerce and Industries - Member

2. The procedures relating to the meeting of the Recommendation Committee referred to in Sub-section (1) shall be as determined by the Committee on its own.

9. To Be Removed from Position :

1. Notwithstanding anything contained in Sub-section (2) of Section 7, Government of Nepal may at any time remove the Executive Director from his/her position if the Committee referred to in Section 8 recommends that the Executive Director has not discharged the duties in good faith, or s/he has not fulfilled the responsibilities of his/her office or s/he has misbehaviour.

2. The Executive Director shall, prior to removing from

the position pursuant to Sub-section (1), be given a reasonable opportunity to present his/her defense.

10. Fund of the Board :

1. The Board shall have its own separate fund.

2. The Fund as referred to in Sub-section (1), Shall contain such amounts as follows:

a. Amounts received from the Government of Nepal;

b. Any certain amounts specified by the Government of Nepal subject to be deposited in the Fund;

c. Amounts of assistance, grant or loan received from foreign governments, international agencies or institutions;

Provided that the Board shall, prior to receiving such amounts, have to obtain permission from the Government of Nepal.

d. Amounts received from other sources.

3. All expenditures to be made on behalf of the Board shall be borne from the Fund as referred to in Sub-section (1).

4. The amounts to be contained in the Fund of Board shall, by opening an account, be deposited in any commercial bank of the kingdom of Nepal.

5. The operation of the account of the Board shall be as prescribed.

11. Accounts and Audit of the Board :

1. The accounts of income and expenditure of the Board shall be maintained as per the law in force.
2. The audit of Board shall be carried out by the Office of Auditor General.
3. Government of Nepal may at any time inspect or cause to be inspected the accounts of income and expenditure of the Board, documents relating thereto and all cash and goods in-kind of the Board.

12. Provisions Relating to Staff :

1. There shall be a required number of staff in the Board.
2. The appointment, conditions of service, remuneration and facilities of the staff referred to in Sub-section (1) shall be as prescribed.
3. Notwithstanding anything contained in Sub-section(2), if any board similar to this nature is dissolved or ternimated by the Government of Nepal at the time when these orders are come into force and it is decided to retain the staff working in any level and class of such a board as a staff of this Board, then such staff shall be deemed to have *ipso facto* been appointed to the equivalent level and class of the Board.

13. Annual Report Required to be Submitted :

1. The Board shall have to submit to Government of Nepal an annual report of the tasks performed by it within a period of sixty days after the completion of each fiscal year.
2. The report referred to in Sub-section (1) shall, in addition to the tasks performed throughout the year by the Board, include the following matters:-
   (a) Goods which are identified as exportable and potential markets there of;
   (b) Problems arisen in foreign trade of Nepal and measures of resolution there of;
   (c) Tasks performed for export promotion and trade diversification
   (d) Programmes conducted throughout the year by the Board, cost incurred while conducting the programmes and achievement of the programmes including matters of improvement to be made in future.
3. Government of Nepal may, as per necessity, make

the report public submitted pursuant to Sub-section (1) by the Board.

14. Delegation of Powers :

The Board may delegate, as per necessecity,some of the powers conferred on it to a Member, Executive Director or Sub-committee referred to in Section 6.

15. Meeting Allowance :

For taking part in the meeting of Board, the members shall receive meeting allowance as fixed.

16. Liaison with Government of Nepal :

The Board shall, while making contact with the Government of Nepal, make contact through the Ministry of Industry, Commerce and Supplies.

17. Office and Name of the Board :

1. The Office of Board shall be located in Kathmandu Valley.
2. The Office of Board shall be acquainted with the Name of "Trade and Export Promotion Centre".

18. Power to Frame Rules :

The Board may, in order to fulfill the objectives of these Orders, frame necessary Rules and such Rules shall come into force upon approval by the Government of Nepal.

Notice 2

In exercise of powers conferred by Sub-section (1) of Section 8 of the Development Board Act, 2013(1956), Government of Nepal has hereby dissolved the Development Boards as stated herein below:-

1. Carpet and Wools Development Board constituted pursuant to notification of the then Ministry of Commerce published in volume 42, Number-34, Part 3 of the Nepal Gazette, dated 2049/08/22 [December 07, 1992]
2. Nepal Trade Promotion Board constituted pursuant to notification of the then Ministry of Industries and Commerce published inVolume 20, Number 34, Part 3 of the Nepal Gazette, dated 2027/08/29 [December 14, 1970]

By order,

(Bharat Bahadur Thapa)

Secretary of Government of Nepal